# उषाको कथा

## उषा बालविवाह विरुद्ध लड्छिन्



JCYCN 2001

KANALLAN
GIVING RIGHT NOW

# उषाको कथा

उषा बालविवाह विरुद्ध लड्छिन्

JCYCN 2001

KANALLAN
GIVING RIGHT NOW

प्रकाशकः– जागृति बाल तथा युवा सरोकार नेपाल, देवचुली–१५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

लेखनः– अंशु पाण्डे, आभा धिताल
भाषा सम्पादनः– देबकी आचार्य
चित्रः– निती श्रेष्ठ, सबिन भण्डारी
सम्पादन सहयोगीः– श्रद्धा वर्मा , हसिना श्रेष्ठ
सम्पादन सल्लाहकारः– तिलोत्तम पौडेल, दिपक प्रसाद बस्याल, दिपक शर्मा
प्रकाशन प्रतिः– १०००/२०७७
प्रकाशन सहयोगः– क्यानालान, स्विट्जरल्याण्ड

नोट– प्रकाशनको सर्वाधिकार जागृति बाल तथा युवा सरोकार नेपालमा रहने छ । स्रोत खुलाई अनुमति लिई साभार गर्न सकिनेछ ।

## प्रकाशकीय

बाल विवाह परम्परागत हानिकारक अभ्यास, कानूनद्वारा निषेधित र दण्डनीय अपराध हो तर पनि समाजमा व्याप्त रहेको छ । नेपाल दक्षिण एसियामा उच्च बाल विवाह हुने तेस्रो मुलुकको रूपमा रहेको छ । नेपालको संविधानको धारा ३९ अनुसार कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । बाल विवाह गराएमा कानून बमोजिम दण्डनीय हुनेछ । त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने कुरा मौलिक हक अन्तर्गत उल्लेख गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन । २० वर्ष उमेर नपुगी हुने विवाह स्वतः बदर हुनेछ । बालविवाह सम्बन्धी कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र पचहत्तर हजार रुपैयाँसम्म जरिवाना हुनेछ। मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ अनुसार मञ्जुरी विना विवाह गर्नु हुँदैन । विवाह गर्ने व्यक्तिहरुको मञ्जुरी विना कसैले कसैलाई विवाह गर्न वा गराउन हुँदैन । मञ्जुरी विना भएको विवाह बदर हुनेछ । कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने कानूनी प्रावधान निर्माण गरिएको भए तापनि बाल विवाहको समस्या गहीरो समस्याको रुपमा हाम्रो समाजमा स्थापित भएर रहेको छ । कहिले अभिभावकबाट त कहिले बालबालिका आफै पनि आकर्षित भई नबुझिकन उमेर नपुगी विवाह गर्न पुग्दछन् । बाल विवाहले बालबालिकाको शिक्षा, स्वास्थ्यमा समेत नकारात्मक असर पार्दछ ।

बाल विवाह न्यूनीकरण गर्नका लागि नेपालमा बालविवाह विरुद्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आफ्नो तह र तप्काबाट ऐन, नियम, कानून, कार्यविधि, निर्देशिका र रणनीतिहरु निर्माण गरी बालविवाह अन्त्यका लागि कार्यारम्भ गरेको भए तापनि अझै पूर्ण रुपमा रोकिन सकेको अवस्था छैन । यस्तो कार्य नगर्न र नगराउनका लागि बाल चित्रकथाले अझै थप सहयोग गर्दछ भन्ने मनसायका साथ निर्माण गरिएको यो बाल विवाह विरुद्धको चित्र कथा अत्यन्तै सहज, सरल र सबै बालबालिका तथा अभिभावकले सजिलै बुझ्ने भाषामा प्रकाशन गर्न लागिएको हो । यस किसिमको पुस्तकलाई सबै बालबालिका र अभिभावकसम्म पुऱ्याउन सकेको खण्डमा बाल विवाह न्यूनीकरणमा एउटा कोशेढुङ्गा सावित हुन सक्छ ।

यस चित्र कथा लेखन, सम्पादन, शुद्धाशुद्धी, डिजाईन सबै काममा सहयोग गर्ने तथा प्रकाशनमा आर्थिक सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद ।


**जागृति बाल तथा युवा सरोकार नेपाल**

# पात्रहरूः



**उषा (१४ वर्ष)**

उषा एक उज्ज्वल भविष्य भएकी विद्यार्थी हुन् । उनी भविष्यमा कम्प्यूटर इञ्जिनियर बन्न चाहन्छिन् । उनी आफ्नो स्कूलको बाल क्लवकी  सदस्य हुन् ।



**उमा (२२ वर्ष)**

उमा उषाकी जेठी दिदी हुन् । उनको बिहे १३ वर्षको उमेरमा भएको थियो । बाल विवाहका कारण उनको जीवनमा थुप्रै अप्ठ्याराहरु झेल्दै आएकी छिन् ।



**आमा**

उषाकी आमा आफ्ना छोरीहरूलाई माया गर्नुहुन्छ तर धेरै जिद्धी स्वभावकी हुनुहुन्छ । उहाँको एउटै मात्र सपना दुबै छोरीको खुसीसाथ विवाह गरिदिनु हो ।



**बुबा**

बुबा उषाका बुबा हुन् । उहाँ शान्त, मेहनती र दयालु व्यक्ति हुनुहुन्छ । उहाँ आफ्ना छोरीहरूलाई माया गर्नुहुन्छ र उनीहरूका लागि भलो चाहनुहुन्छ ।



**माईली काकी**

माईली काकी उषाकै गाउँमा बस्नुहुन्छ । विवाहका लागि लमीको काम गर्नुहुन्छ । उमाको लागि श्रीमान् उहाँले नै खोजिदिनु भएको हो । अहिले उषाको लागि खोजिदिँदै हुनुहुन्छ ।



**चिकित्सक**

डाक्टर, समुदायको अस्पतालमा काम गर्नुहुन्छ । उहाँ परिवार नियोजनको समर्थन र बाल विवाहको विरोध गर्नुहुन्छ ।



**गगन सर**

गगन सर उषाको विद्यालयको शिक्षक हुनुहुन्छ । उहाँ बालक्लवमा सल्लाहकार पनि हुनुहुन्छ । उहाँ छात्रछात्राको भलो चाहनुहुन्छ ।



**ज्योती**

ज्योती उषाकी एकदम मिल्ने साथी र बालक्लवको सदस्य पनि हुन् । उनी आफ्नो मनको कुरा निर्धक्क भएर राख्न सक्छिन् ।




**कृष्ण**

कृष्ण उषाको एकदम मिल्ने साथी र बालक्लवको सदस्य पनि हो । ऊ शान्त स्वभावको छ तर उसले बाल अधिकार र कानूनको वारेमा धेरै कुरा जानेको छ ।






नमस्ते, माइली काकी !
ओहो उषा ! कति ठूली भएकी, कति राम्री भएकी ! खाना पकाउने, सरसफाई गर्ने गर्छेउ कि गर्दैनौँ ?
आमालाई जबजब सहयोग चाहिन्छ, त्यति बेला घरको काम गर्छु माइली काकी, नत्र त प्राय पढाइलेखाइमा व्यस्त हुन्छु !
धत ! पढाईलेखाई केटीहरूको लागि समयको वर्वादी हो । जब सुन्दर, जवान केटा तिमीलाई बिहे गर्न आउँछ, उसले तिमीलाई तिम्रो पढाइको बारेमा भन्दा उसलाई र उसको परिवारको कस्तो हेरविचार गर्छेउ भनेर पो सोध्छ !


ल त छिट्टै भेटौँला है, अहिले जान्छु ।


माइली काकी किन यहाँ आउनु भएको ?
तिम्रो बिहेको बारेमा कुरा गर्न नि !
ओहो ! तिम्रो लागि धेरै राम्रो प्रस्ताव आएको छ । केटा अर्को गाउँको धनी परिवारको हो ।
मेरो बिहे ?
आमा, तपाईंलाई थाहा छ नि ! मेरो कम्प्युटर इन्जिनियर बन्ने सपना छ र मलाई थाहा छ मेरो सपना पूरा गर्न सक्छु । म अहिले बिहे गर्दिन । मेरो उमेर पनि भएको छैन ।
केटीहरू ईन्जिनियर बन्दैनन् । पढाइमा किन व्यर्थै समय खर्च गर्ने । तिमीलाई तिम्रो ख्याल राख्ने एउटा राम्रो केटा र राम्रो परिवार चाहिन्छ ।
मसँग मुख नलाग ! म  तिम्री आमा हुँ र मलाई थाहा छ, तिम्रो लागि के ठीक के बेठीक भनेर । माईली काकी अर्को हप्ता फेरी आउदैछिन् कुरो टुङ्गो लगाउन ।
म पढ्न सक्छु, र कम्प्युटर इञ्जिनियर बन्न सक्छु । त्यसपछि आफ्नै कमाइले घर बनाउन सक्छु ! तपाईं र बुवा पनि मसँग आएर बस्न  सक्नुहुन्छ ।


तपाईंको दिन कस्तो रह्यो ?
खेतमा आज धेरै काम थियो ।
प्रस्ताव ? कसको लागि ? हाम्री उषा ?
आज को आएको थाहा छ ? माईली काकी, बिहेको प्रस्ताव लिएर ।
हो नि ! उषा १४ वर्षकी भइसकी, बिहे गर्ने उमेर भयो । म त्यो उमेरमा आमा बनिसकेकी थिए । * खोकी *
समय फरक थियो नि । उषा धेरै सानी छे । उमासँग हामीले गरेको गल्ति फेरी दोहोर्याउनु हुँदैन ।
यस बारे छुट्टै कुरा गरौँला । तिमी दिनभरी खोकिरहेकी छौँ, अहिले डाक्टरलाई देखाउन जानुपर्छ ।
यो घरमा म मात्र बुझ्ने मान्छे हुँ कि क्या हो ? यो निकै राम्रो प्रस्ताव हो । हामीले यसलाई अस्वीकार गर्ने कुरै आउदैन ।
* खोकी *



तपाईंले चिन्ता लिनु पर्दैन । यो मौसमी खोकी हो ।
धन्यवाद ! डाक्टर साहेब ।
चिन्ताको विषय अरु नै केहि छ ।
केको बारेमा डाक्टरसाहेब ?
तपाईंले साच्चिकै उषाको बिहे गरिदिन लाग्नुभएको हो ?
ए ...प्रस्ताव आएको छ, तर ...
मलाई थाहा छ यो पारिवारिक विषयवस्तु हो । तर तपाईं आफ्नो पहिलो छोरीमाथि भएको घटना विर्सदै हुनुहुन्छ ।
उमा विवाहको समयमा धेरै कम उमेरकी थिइन् र आमा बन्ने उमेर नै भएको थिएन । अर्को आफ्नै शरीर परिपक्व भएको थिएन । उनी आफै बच्चा थिइन र उनले अर्को बच्चाको जन्म दिँदै थिइन् । त्यसैले उनले आफ्नो बच्चा गुमाउनु पर्‍यो ।
उनको दोस्रो बच्चाको पनि समस्या छ । उमाको छोरो आफ्नो उमेरका अन्य बच्चाहरू जस्तै स्वस्थ रूपमा बढ्न सकेको छैन । यो सबै तपाईंले उमाको बाल विवाह गरिदिएर हो ।
हो डाक्टरसाहेब, म अझै पनि आफूलाई दोषी महसुस गर्छु ।
म यति मात्र भन्छु कि, उषा बिहेको लागि धेरै सानी उमेरकी छ । हतार नगर्नुहोस् ।


तपाईं आज उषाको विद्यालय जान भ्याउनुहुन्छ ?
अ ... अब उसको प्रगति विवरण लिन जान्छु । तिमी आराम गर ।
ल्याब
बधाई छ है दाइलाई ! छोरीको पढाइ निकै राम्रो छ ! तपाईंले गर्व गर्नुपर्छ । अहो ! दाइ, मेरो कुरा मान्नुस उषाको भविष्य धेरै उज्ज्वल छ ।
उषाले बिहे गरेपछि त कहा पढ्न पाउछ र ?


उषा ! तिमी कहाँ थियौ ? किन ढिला गरेको ?
हैन केहि भयो की क्या हो ? सबै ठीक छ ?
मलाई थाहा छैन के गर्ने । मेरा बाबुआमाले मेरो बिहे गरिदिन लागेका छन् ।
उषा यो त अपराधिक र कानूनको विपरित हो । यदि तिमी चाहन्छौं भने हामी प्रहरीकहाँ जान सक्दछौं । हामी पैसा नलाग्ने नं. १०० र १०९८ मा फोन पनि गर्न सक्छौं । उनीहरूले मद्दत गर्ने छन् ।
तिमी भर्खरै १४ वर्षकी भयौ । तिम्रो आमाबुवालाई थाहा छैन ? बाल विवाह गैर कानूनी हो भनेर ? बरजस्ती तिम्रो बिहे गरिदिन मिल्दैन ।
मेरी आमाले मेरो कुरा सुन्नुहुन्न तर यदि तिमीहरू मसँग आयौं भने मान्नु हुन्छ कि ?
हामी तिम्रो घरमा आउनेछौं !
भोलि आए कसो होला ?
बालक्लव
तिमीहरू किन यति उदास देखिन्छौ ?
सर ! उषाका बाबुआमाले उसको बिहे गर्दिन लाग्नु भएको छ !
के ? कहिले ?
चाँडै, सर । यसको बारेमा केहि कदम चाल्नुहोस् ।
ओहो ! मैले डाक्टरसाहेबलाई भेटेर उषाकी दिदीकँहा जानु पर्छ। केवल उमाले यसलाई रोक्न सक्छिन् ।



नमस्ते ! डाक्टरसाहेब ।
नमस्ते ! गगन सर । सबै ठीक छ ?
म ठीक छु । तर हामीले उषाको बिहेको बारेमा केहि गर्नै पर्छ ।
हो, मैले सुने । मैले उषाको बुबासँग कुरा पनि गरें । म आशा गर्छु कि उनले मेरो कुरा सुन्नेछन् ।
तपाईंको कुरा नसुने पनि उमाको कुरा पक्कै सुन्नुहुन्छ ।
हो, हामी उमासँग कुरा गरौं ।
नमस्ते गगन सर ! नमस्ते डाक्टर साहेब !
नमस्कार !
तपाईंहरू किन यति चिन्तित देखिनुहुन्छ ?
हामी यहाँ उषाको बारेमा कुरा गर्न आएका हौं ।
के भयो ?
तपाईंका आमाबुबाले उसको बिहे गरीदिदै हुनुहुन्छ ।
कहिले ?
उमा, हामीले तिम्रो बिहे रोक्न सकेनौं, तिम्रो पालामा केहि गर्न सकेनौं तर हामीले तिम्रो बहिनीको बिहेलाई रोक्नुपर्छ !
तिम्री बहिनी धेरै बुद्धिमान्, जेहेन्दार र तेजस्वी छात्रा हो। उसको उज्जवल भविष्य छ। तर यदि उसले अहिले बिहे गरिन् भने, उनको भविष्य अन्धकार हुनेछ ।
उसलाई पनि तिमीलाई जस्तै स्वास्थ्य समस्याहरू पर्न सक्छन् र उनीजस्तै धेरै साथी छन् । यसको पीडा तिमीलाई थाहा छ कि, उसको बिहे गर्ने बेला भएको छैन ।
मैले त्यति सानो उमेरमा बिहे गरेको भएर मेरा सबै सपनाहरू त्याग्नु पर्‍यो । मैले बच्चा पनि गुमाएँ । म उषा माथि यो हुन दिन्न ! मैले मेरा आमा बुबालाई रोक्नु पर्छ ।


आमा, तपाईंले उषाको बिहेको योजना बनाउदै हुनुहुन्छ ?
उमा ! तिमीलाई कस्तो छ ? बाबुलाई ल्याएनौं ?
हो नि ! राम्रो समाचार पुगिसकेछ तिमीसम्म । केटा पल्लो गाउँको धेरै राम्रो परिवारको हो । उषालाई धेरै टाढा पठाउन परेन । हामी सबै नजिक हुनेछौं ।
बाल विवाह कहिल्यै राम्रो समाचार हैन आमा । यो धेरै नराम्रो कुरा हो ! मलाई के–के दुःख भयो तपाईंलाई केहि याद छैन ?
मेरो बिहेको लागि उपयुक्त उमेर पुगेको थिएन र आमा बन्ने पनि उमेर भएको थिएन । मैले विवाहको प्रमाणपत्र पनि प्राप्त गर्न सकिन । मेरो शरीर बच्चा जन्माउन परिपक्व भएको थिएन र त्यसैले मेरो छोरीको मृत्यु भयो । बाबुलाई हेर्नुस्, मेरो छोरो अरू बच्चाहरू जस्तो स्वस्थ छैन । मैले उसलाई अस्पताल लगिरहनु पर्छ । बाबुको जन्मदर्ता गर्न पनि कठिन भयो । तपाईंले मेरो पीडा देख्नुहुन्न ?
के तपाईंलाई थाहा छ ? मैले पढ्ने क्रम जारी राखेको भए म एक शिक्षिका हुने थिएँ, म काम गर्दै र कमाउँदै हुने थिएँ । मेरो परिवार राम्रो स्थितिमा हुने थियो । हामीसँग पर्याप्त पैसा छैन, हाम्रो आम्दानी निकै कम छ ।
मैले मेरा सबै आशा र सपनाहरू त्याग्नु पर्‍यो । म उषालाई पनि त्यस्तै होस् भन्ने चाहन्न तपाईं उसलाई माया गर्नु हुन्न ?
क ख ग घ ङ
आमा, तपाईं मेरो लागि पनि दिदीको जस्तै दुर्भाग्य चाहनुहुन्छ हो ?
उषा पढाईमा एकदम उत्कृष्ट छे, उसले पढाई पूरा गर्ने मौका पाउनु पर्छ ।
तपाईंलाई थाहा छैन २० वर्षको उमेर नपुगुञ्जेल बिहे गर्न गराउन मिल्दैन । यदि कसैले प्रहरीमा उजुरी गरिदियो भने तपाईं जेल जानुहुन्छ ।
मलाई थाहा छ मैले के गर्नु पर्छ।


ओहो ! सबै जना यहाँ ? तपाईं सबैजना म बिना खुशी मनाउँदै हुनुहुन्छ कि क्या हो?
हामी उत्सव मनाइरहेका छैनौँ । तपाईंसँग कुरा गर्नु पर्नेछ ।
उषा यहाँ आउ !
एउटी केटी जो बिहेको लागि तयार छे !
तपाईं उषामा के देख्नुहुन्छ ?
तपाईंलाई थाहा छ मैले के देख्छु ? एउटी प्रतिभाशाली, मेहनती छोरी जो कम्प्युटर ईन्जिनियर बन्ने सपना देख्छिन्, एउटी कुशल छोरी, जो ठूलो भएर आफ्नो आमाबुबाको हेरचाह गर्न चाहन्छिन् । बुबाको नाताले मैले उनको सपनालाई समर्थन गर्नुपर्छ ।
एउटा किशोरीले देख्नुपर्ने एक मात्र सपना भनेको बिहे गरीवरी घरवार सम्हाल्ने हो।
होइन, त्यो गलत सोचाई हो । म यो बिहे अस्वीकार गर्छु । मेरी छोरी २० वर्षकी र बिहेको लागि तयार नभएसम्म मेरो घरमा कुनै प्रस्ताव नराख्नुहोस् ।
माईली काकी, तपाईंले गर्ने यो काम गलत र गैरकानूनी हो ! के तपाईंलाई थाहा छैन बाल विवाह कानूनद्वारा दण्डनीय अपराध हो ?
जो कोहीले बाल विवाहमा समर्थन जनाउँछन् र भाग लिन्छन् त्यसलाई ३ वर्षसम्म जेल सजाय र रू. ७५,०००।– सम्म जरिवाना हुन्छ ।
यदि तपाईं यहाँबाट निस्किनु भएन भने हामी राष्ट्रिय महिला आयोगको ११४५ वा, प्रहरीको लागि १०० मा वा बाल हेल्पलाइन १०९८ मा फोन गर्नेछौँ ।
उषा, मलाई माफ गरिदेउ छोरी । मैले झन्डै ठूलो गल्ती गरेँ । तिमी आफ्नो सपनाहरू पुरा गरी अगाडि बढ ।
हामीले अरुले जे गरिरहेछन् त्यो आँखा चिम्लेर गर्नु हुँदैन ! हामीले एकअर्काको ख्याल राख्न जरुरी छ ।
“नगरौँ विवाहको कुरा, नहुँदै २० वर्ष पुरा”



